जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ३०४ २०८२ साल असार ३० गते सोमबार (14 July 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : आकाशको पानीको... ३ पृष्ठमा : क्यान्सरको प्रकार थाहा ... ३ पृष्ठमा :स्पेसएक्सले एक्सएआईमा दुई ...

## पानी माग्दै महिलाहरुद्धारा इन्द्र देउताको पुजा



**दैनिक समाचारदाता**
**राजविराज, २९ असार ।**

लामो समयदेखि वर्षा नहुँदा गर्मी बढेर जनजीवन कष्टकर बन्दै गएको बेला किसानहरु समस्यामा परेका छन् । सोही सन्दर्भमा इन्द्र देवतालाई खुशी पार्न जट-जटिन धार्मिक सांस्कृतिक कार्यक्रम तथा पुजापाठ शुरु गरिएको छ ।

सप्तरीको कञ्चनरुप नगरपालिका १ बैरवास्थित पञ्जियार टोलमा शुक्रबार मध्यराती स्थानिय महिलाहरुको अगुवाईमा पानी माग्दै इन्द्र देउतालाई खुशी पार्न जट-जटिन धार्मिक सांस्कृतिक कार्यक्रम र पुजापाठ गरिएको हो ।

मध्यराती १ बजे देखि शुरु भएको जट-जटिन तथा पुजापाठमा स्थानिय महिलाहरु ठूलो संख्यामा सहभागी भएको धार्मिक सांस्कृति कार्यक्रम तथा पुजा समिति की संयोजक उर्मिला देवी पञ्यिारले जानकारी दिईन् ।

मध्यरातमा जट-जटिन सांस्कृतिक कार्यक्रम तथा पुजापाठ गरेमा इन्द्र देउता खुशी भई पानी पारिदिने जनविश्वासका कारण यस्तो कार्यक्रम गरिएको उनको भनाई छ । उक्त कार्यक्रम शनिवार मध्यरातीमा पनि निरन्तरता दिइएको छ ।

अत्याधिक गर्मी बढेसंगै

*बाँकी दुई पृष्ठमा*

## तराईलाई सुक्खा क्षेत्र घोषणा गरेर राहतका कार्यक्रम ल्याउन माग

काठमाडौं, २९ असार (रासस) ।

असारको अन्तिम सातासम्म पनि मधेसका केही जिल्लामा वर्षा नहुँदा रोपाइँ हुन नसकेकामा सांसदहरुले सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा उहाँहरुले तराईलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेर राहतका कार्यक्रम गर्न संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) समाजवादीका कृष्णकुमार श्रेष्ठले बारा, पर्सालगायत जिल्लामा खानेपानीको चरम अभाव भएको बताउनुभयो ।

स्वतन्त्र सांसद अमरेशकुमार सिंहले वीरगञ्जदेखि जनकपुरसम्म खडेरीका कारण खानेपानी र सिँचाइको अभाव भएको बताउनुभयो ।

नेपाली कांग्रेसका रामकृष्ण यादवले पनि तराईका विभिन्न जिल्लामा खडेरी परेको, त्यहाँका नागरिकले पिउने पानी नपाएका र किसानले रोपाइँ पनि गर्न नपाएका बताउनुभयो । तराई क्षेत्रमा चापाकल र इनारहरु सुकिरहेकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाहीले जुम्लास्थित खानेपानी तथा ढल व्यवस्थापन कार्यालय खारेज गरिएकामा त्यसको स्थानीयले विरोध गरेका बताउँदै संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का छिरिङल्हामु लामाले पनि जुम्लाबाट खानेपानी कार्यालय खारेज गर्न नहुने बताउनुभयो । जुम्लाको धौलीगाड बृहत् खानेपानी आयोजना चाँडो सम्पन्न गर्न आयोजनामा आवद्ध निकायहरूको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कांग्रेसकी कान्तिका सेजुवालले पनि कर्णालीका नागरिकलाई विकासमा विभेद गरिएको

*बाँकी दुई पृष्ठमा*

## सिरहामा प्रदेश मातहतका कार्यालयले गरे ७५ प्रतिशत खर्च

**दैनिक समाचारदाता**
**सिरहा, २९ असार ।**

चालु आर्थिक वर्ष २०८१/८२ मा सिरहामा प्रदेश सरकार मातहत रहेका १९ वटा कार्यालयले कुल विनियोजित बजेटमध्ये ७५ दशमलव एक प्रतिशत खर्च गरेका छन् ।

प्रदेश लेखा एकाइ कार्यालय लहान, सिरहाका अनुसार चालु आवमा रु तीन अर्ब ८० करोड ९७ लाख ३५ हजार ४६६ विनियोजन गरिएकामा रु दुई अर्ब ८६ करोड सात लाख ९२ हजार ४१६ मात्र खर्च भएको हो ।

एकाइ प्रमुख परमानन्द मण्डलले चालु खर्चतर्फ रु एक अर्ब १० करोड र पुंजीगत खर्चतर्फ रु एक अर्ब ७६ करोड खर्च गरिएको बताए । प्राप्त जानकारीअनुसार यहाँको पूर्वाधार विकास कार्यालयले रु ८६ करोडमध्ये रु ६८ करोड र प्रादेशिक अस्पताल सिरहाले रु २० करोडमध्ये रु ११ करोड

*बाँकी दुई पृष्ठमा*

IMPACT Nepal

**आवश्यकता**

बिगत ३० बर्ष देखि अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालले राजविराज स्थित आफ्नै नयाँ भवनवाट सेवा सुचारु गर्न गइरहेको हुँदा तपसिल बमोजिमका पदहरु करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ असार ३० गते सम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | संख्या | न्यूनतम योग्यता |
|---|---|---|
| असिस्टेन्ट फार्मसिस्ट | १ | फार्मेसी बिषय लिई डिप्लोमा |
| कान उपचार कार्यकर्ता | १ | हेल्थ असिस्टेन्ट |

द्रष्टव्य:
१. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजविराज (०३१- ५९०००५) वा इम्प्याक्ट नेपालकको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं, पोस्ट बक्स न. १०९०६ तथा इमेल : vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउनु सकिनेछ |
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. रितपूर्वक आवेदन दिएका उमेदवारहरुलाई अन्तरवार्ता र प्रयोगात्मक परीक्षाको जानकारी दिइनेछ ।
५. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।



## सम्पादकीय

### हटिया पुनः अतिक्रमित

राजविराज हटियालाई अतिक्रमणमुक्त बनाउन नगरपालिकाले चालेको ऐतिहासिक कदम अहिले पुनः पुरानै अवस्थामा पुगेको छ। लामो समयपछी हटिया अतिक्रमणमुक्त भएपनि अहिले पुनः अतिक्रमणको चपेटामा परेको छ। दशकौंदेखी हटिया क्षेत्रमा बसोवास गर्दै आइरहेका घरधनीले आफ्नो जग्गा बाहेक १० फिट थप जमिनमा अस्थायी घर, टहरा, पसल निर्माण गरेर नगरपालिकाको जग्गा अतिक्रमण गरिरहेका थिए। सोही विषयलाई लिएर नगरपालिकामा वर्षौदेखी जग्गा अतिक्रमण हटाउने विषयमा बहस सुरु भएपनि ठोस कदम चाल्न सकेको थिएन्।

पुरानो संरचना हटाएर हटियामा नयाँ संरचना निर्माण कार्य झण्डै सम्पन्न हुने अवस्थामा पुगेको बेला ती अतिक्रमण पनि हटाउने सहमति जुटेपछि हटाइएको थियो। अतिक्रमण हटेसँगै सो क्षेत्रमा नाला र सडकको निर्माण गरि हटियालाई थप व्यवस्थित गर्ने लक्ष्य रहेको छ। तर अहिले स्थानीयले बनेका नाला तथा पेटीहरुलाई पुनः अतिक्रमण गरेपछी नगरपालिकाको लक्ष्य अधुरै रहन पुगेको छ।

तसर्थ हटियाको अतिक्रमण हटाएर नगरपालिकाले युद्ध जितेको जस्तो महसुस गरेपनी हाल देखिएका अतिक्रमणप्रति अझ गम्भिर बननु आवश्यक छ। यसका लागि आवश्यक रणनीति बनाउनु आवश्यक छ। अनिमात्र नगरलाई व्यवस्थित गर्न सकिन्छ। यसका लागि सम्पूर्ण नगरवासीको सहयोग समेत आवश्यक पर्छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# आकाशको पानीको भरपर्दा सर्लाहीमा भएन रोपाइँ

बरहथवा (सर्लाही), २९ असार (रासस)। हरिवन नगरपालिका-५ घुर्कौलीका हिरा तामाङ दैनिक आकाश हेरेर थाकिसक्नुभएको छ। असारको दोस्रो सातादेखि धान रोप्ने तयारी गर्नुभएका उहाँले पानी नपरेपछि धान रोप्न पाउनुभएको छैन।

"असारको पहिलो हप्तातिर हल्का मात्र पानी परेको थियो", उहाँले भन्नुभयो। "तर, यस वर्ष धानको ब्याड राख्ने समयमा पनि पानीले साथ नदिएपछि ढिलो भयो।" सुक्खामा राखेका बीउ राम्रोसँग नबढेपछि पर्खिंदापर्खिंदै समय घर्किन लागेको उहाँको गुनासो छ।

सिँचाइको व्यवस्था नभएको एक बिघा खेतमा उहाँले अकासे पानीका भरमा धान रोप्दै आउनुभएको छ। यसरी अकासे पानीका भरमा खेती गर्न केही समययता साह्रै सकस हुन थालेको उहाँले सुनाउनुभयो। "यस वर्ष धानको बीउ राख्ने समय पनि खडेरीमै गयो", उहाँले भन्नुभयो, "पानीको पर्खाइमा बीउ ढिलो भयो, अहिले धान रोप्न उस्तै समस्या छ।"

मौसम पूर्वानुमान महाशाखाले यस वर्ष औसतभन्दा धेरै पानी पर्ने प्रक्षेपण गरेको छ। तर मधेसका जिल्लामा खडेरी बढ्दै गएको किसान बताउँछन्। असारको दिनमा समेत पानी नपरेपछि धान लगाउन ठिक्क पारेका खेत अहिले बाँझै बसेका छन्भने केही स्थानमा समयमै रोप्न नपाउँदा धानको बीउ छिप्पिन थालिसकेको छ।

पटकपटक मौसम बदली हुँदै टर्दै गर्न थालेपछि यस वर्ष धान रोप्न नपाइने चिन्ताले सताएको जिल्लाको लालबन्दी नगरपालिका-५ जब्दीका दीपक घिमिरेको भनाइ छ। "पानी बन्दै पर्न छाड्यो", उहाँले भन्नुभयो, "खेतमा पटाउन नहर कुलोको सुविधा छैन। आकाशको पानीको भर हो। यस वर्ष यस्तै होला जस्तो छ।" झण्डै डेढ बिघा खेतमा वर्षामा अकासे पानी र हिउँदमा डिपबोरिङको भरमा उहाँले खेती गर्दै आउनुभएको छ।

"डिपबोरिङले सुक्खा समयमा खेतमा पानी भरेर धान रोप्न सकिँदैन", घिमिरेले भन्नुभयो, "सामान्य तरकारी वा अन्य बालीको जराजरामा हाल्नमात्र पुग्छ।" समयमै वर्षात् नहुँदा बीउ राख्न नपाएका किसान फेरि धान रोप्ने समयमा पानी नपर्दा समस्यामा छन्। यसरी समय घर्किएर रोपेको धानले राम्रो उत्पादन दिनेमा समेत किसानहरूलाई शङ्का छ।

गत वर्ष यही समयमा ८० प्रतिशत धान रोपाइँ सकिएको सर्लाहीमा यस वर्ष मुस्किलले ३५ प्रतिशत पुगेको जिल्ला कृषि ज्ञान केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहाले बताउनुभयो। धान रोपाइँ ढिलो हुनुमा सिँचाइ प्रमुख कारण रहेको उहाँको भनाइ छ। "अर्कातर्फ धेरै किसानले समयमा बीउ राख्न पाएनन्", उहाँले भन्नुभयो, "राखेको बीउ धेरैको खडेरीले खायो, फेरि राखेको तयार हुन बाँकी छ।"

यसले धानको उत्पादनमा समेत ह्रास आउने उहाँले बताउनुभयो। जिल्लाको बागमती, बरहथवा, धन्कौल, हरिवन, लालबन्दी, हरिपुरलगायत सिँचाइ सुविधा भएका केही क्षेत्रमा मात्र रोपाइँ भएको प्रमुख कुशवाहाको भनाइ छ। सिँचाइ सुविधा नभएका स्थानका किसान पानी नभएको भन्दै छट्पटाइरहेका छन्। यस क्षेत्रमा बागमती, सोती, मनुसमारालगायतको सिँचाइको व्यवस्था छ।

छयालीस हजार हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको जिल्लामा झण्डै आधा ५० प्रतिशत भूभागमा सिँचाइको सुविधा पुगेको छैन। यस क्षेत्रका किसान सधैँ अकासे पानीका भरमा खेती गर्छन्। इनार, डिपटच्युबेल, रोअलपम्पबाट अन्य खेती गर्ने गरेका भए पनि धान रोप्न सम्भावना नरहेको किसानको भनाइ छ। मानो रोपेर मुरी फलाउने र वर्षभरिको अन्नको गर्जो टार्ने योजना तुहिने चिन्ता रहेको बागमती नगरपालिका-११ का किसान शङ्कर सापकोटाको भनाइ छ।

यसैबीच यस वर्ष प्रदेश सरकारले मधेसलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको छ। सुक्खाग्रस्त क्षेत्र घोषणासँगै सङ्घ सरकारसँग सोहीअनुसारको राहत माग गर्ने निर्णय प्रदेशस्तरको मन्त्रिस्तरीय बैठकले गरेको छ। किसान भने सुक्खाग्रस्त क्षेत्र घोषणाले के हुन्छ भन्ने कुरामा अन्योलमा देखिएका छन्।

## सिरहामा...

पुँजीगत खर्च गरेको छ। यस्तै, प्रादेशिक आयुर्वेद कार्यालयले रु ३२ लाखमध्ये रु एक लाख ९९ हजार, यातायात व्यवस्था कार्यालयले रु ९० लाखमध्ये रु ७३ लाख, स्वास्थ्य कार्यालयले रु २० करोडमध्ये रु ११ करोड, प्रादेशिक अस्पताल लहानले रु २१ करोडमध्ये रु ११ करोड, लहान प्राविधिक शिक्षालयले रु एक करोडमध्ये रु सात लाख ६८ हजार मात्र खर्च गरेका छन्।

अन्य निकायहरूमध्ये भू-जलाधार कार्यालयले रु १९ करोडमध्ये रु १७ करोड, डिभिजन वन कार्यालयले रु १० करोडमध्ये आठ करोड, भूमिगत जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले रु १९ करोडमध्ये रु १४ करोड, जलस्रोत तथा सिँचाइ कार्यालयले रु २१ करोडमध्ये रु १४ करोड, माछा विकास केन्द्रले रु एक करोडमध्ये रु ६१ लाख, भेटेरिनरी अस्पतालले रु एक करोडमध्ये रु ६२ लाख, बाली संरक्षण प्रयोगशालाले रु एक करोडमध्ये रु ६७ लाख, घरेलु तथा साना उद्योग कार्यालयले रु २४ लाखमध्ये रु १४ लाख र पर्यटन विकास कार्यालयले रु ४९ करोडमध्ये रु ३४ करोड खर्च गरेका छन्।

योजनाहरू स्वीकृत गर्न ढिलाइ, ठेक्का प्रक्रिया र कार्यान्वयनमा जटिलताजस्ता कारणले बजेट खर्चमा समस्या भएको एकाइ प्रमुख मण्डलको भनाइ छ। "सबैभन्दा बढी बजेट पाउने पर्यटन र पूर्वाधार कार्यालयहरूले योजना कार्यान्वयनमा ढिलाइ गरेका कारण विनियोजित रकम पूर्ण खर्च हुन सकेन। यसले प्रदेश सरकारको खर्च क्षमता र परिणाममा समेत असर परेको छ", उनले भने।

## तराईलाई...

बताउँदै खानेपानी तथा ढल व्यवस्थापन कार्यालय खारेज गरेर त्यहाँका नागरिकप्रति सरकारले अन्याय गरेको बताउनुभयो।

नेपाली कांग्रेसकी सीताकुमारी रानाले आंशिक प्राध्यापकहरुको विरोध र धर्नाका कारण मध्यपश्चिम विश्वविद्यालयको पढाई अवरुद्ध भएको बताउनुभयो। उक्त विश्वविद्यालयका आंशिक प्राध्यापकको व्यवस्थापनका लागि तयार पारिएको अध्ययन प्रतिवेदन कार्यान्वयन हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

नेकपा (माओवादी केन्द्र) का रेखा शर्माले स्वास्थ्य बीमा कार्यक्रमलाई सरकारले जटिल बनाएको तथा केही अस्पताललाई प्रथम सेवाकेन्द्रको सूचीबाट हटाएको भन्दै आपत्ति जनाउनुभयो।

सोही दलकी दुर्गा राईले कास्की जिल्ला मालपोत प्रमुख र भूमि आयोगका प्रमुख नियुक्तिमा आर्थिक लेनदेन भएको आरोप लगाउनुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका सुमना श्रेष्ठले भिजिट भिसा प्रकरणबारे उच्चस्तरीय छानबिन समिति वा आयोग गठनका लागि आफ्नो दलको पुरानै माग दोहोर्‍याउनुभयो। उहाँले बोलिसकेपछि उक्त दलका सांसद बैठक कक्षबाट बाहिरिनुभयो।

# बजेटबारे आवश्यक छानबिनका लागि गठित कार्यदल पुनर्गठन

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २९ असार।** मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटबारे छानबिन गर्न बिहीबार गठित कार्यदल पुनर्गठन गरिएको छ।

बिहीबार सभामुख रामचन्द्र मण्डलको संयोजकत्वमा छ सदस्यीय कार्यदल गठन भएकामा संयोजकबाट मण्डलले राजीनामा दिएपछि कार्यदल पुनर्गठन गरिएको हो। शनिबार प्रदेशसभा बैठकमा सभामुख मण्डलले उपसभामुख बबिताकुमारी राउत इसरको संयोजकत्वमा १४ सदस्यीय समिति पुनर्गठन गरिएको घोषणा गरियो।

समितिको सदस्यमा सत्ता पक्षबाट नेपाली कांग्रेसका मोहम्मद समिम, जङ्गीलाल राय, नागेन्द्र साह, एमालेका सारदादेवी थापा, जनमत पार्टीका चन्दन सिंह, शम्भु साह र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालकी रमिता प्रधान रहेका छन्।

यस्तै, विपक्षी दलहरूका तर्फबाट जनता समाजवादी पार्टी (जसपा) नेपालका रामअशिष यादव, नेकपा (एकीकृत समाजवादी) का कनिष पटेल, नेकपा (माओवादी केन्द्र) का जवाहरलाल कुशवाहा, नेपाल सङ्घीय समाजवादीकी विमला अन्सारी, राप्रपा नेपालकी कञ्चन विच्छा र नागरिक उन्मुक्ति पार्टीकी उर्मिलादेवी सिंह सदस्य रहेका छन्।

समिति पुनर्गठनसँगै मधेश प्रदेशसभामा विपक्षी दलले लगातार गर्दै आएको अवरोध अन्त्य भएको छ। यहाँ विपक्षी दलहरूले सरकारले ल्याएको बजेट त्रुटिपूर्ण रहेको भन्दै विरोध गर्दै आएका थिए।

विपक्षीको माग सम्बोधन गर्न आवश्यक छानबिनका लागि भन्दै बिहीबार सभामुख मण्डलको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो, तर उक्त कार्यदलमा भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवलाई राखिएपछि विपक्षी दलले अस्वीकार गरेका थिए।

## पानी...

खेतीबाली, बोट विरुवा, पानीका मुहान र खेत सुक्न थालेका कारण पानीको माग गर्दै स्थानिय महिलाले सामूहिक रुपमा वैदिक विधिपूर्वक यस्तो पुजापाठ गरेको स्थानिय युवा एवं समाजसेवी अनिल पञ्जियारले बताए। उक्त क्रममा महिलाहरुले जट-जटिन नृत्य गीतका साथै इन्द्र देउताको वैदिक मन्त्र पाठ तथा अन्य पुजा विधि गरेका थिए। खेत किनारमा गरिएको यस्तो पुजा विधि दुई घण्टा सम्म चलेको स्थानियवासी राजकुमार पासवानले बताए।

असार वित्न लागेपनि बर्षा नहुँदा सप्तरीका किसानहरु रोपाई गर्न पाएका छैनन्। बर्षा नहुँदा जिल्लामा हाल सम्म १६ प्रतिशत जग्गामा मात्र धान रोपाई हुन सकेको कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ।

# क्यान्सरको प्रकार थाहा पाइने 'रोश बेन्चमार्क अल्ट्रा इम्युनोहिस्टोक्यामेस्ट्री' उपकरण सञ्चालनमा

नारायणगढ (चितवन), २९ असार (रासस)।

चितवनको भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले क्यान्सरको प्रकार (टाइप) पत्ता लगाउने अत्याधुनिक 'रोश बेन्चमार्क अल्ट्रा इम्युनोहिस्टोक्यामेस्ट्री (आइएचसी)' मेसिन सञ्चालनमा ल्याएको छ।

स्वीस कम्पनी 'रोश'द्वारा निर्माण गरिएको यो मेसिनको प्रयोगसँगै अब बिरामीको नमूना (टिस्यु) भारतलगायत अन्य देशमा पठाउनुपर्ने बाध्यता अन्त्य भएको छ।

अस्पतालका प्रयोगशाला प्रमुख डा ग्रेता पाण्डेका अनुसार यो मेसिनमार्फत अब नेपालमै क्यान्सरको पहिचान, वर्गीकरण र लक्षित उपचार निर्धारण सहज भएको छ। उहाँले भन्नुभयो, "बिरामीलाई क्यान्सर त भएको हो तर कुन प्रकारको हो भन्ने थाहा पाउन यो परीक्षण अनिवार्य हुन्छ। अब त्यो परीक्षण सजिलै यहीँ हुनेछ।"

यसअघि परीक्षण भारत पठाउँदा रिपोर्ट ढिलो आउने, उपचारमा ढिलाइ हुने, खर्च बढ्नेलगायत समस्या थिए। अब भने छिटो, सटिक र वैज्ञानिक आधारमा रिपोर्ट प्राप्त गर्न सकिने भएको छ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलका अनुसार 'रोश बेन्चमार्क अल्ट्रा' एक पूर्ण स्वचालित प्रणाली हो, जसले टिस्युमा रहेका प्रोटिन मार्करहरू पत्ता लगाउँछ। उहाँले भन्नुभयो, "यसले लक्षित थेरापी र सम्पूर्ण उपचार योजनामा वैज्ञानिकता र विश्वसनीयता थप्नेछ।" यो सेवा सुरु भएपछि अब नेपालमै 'टप टेन कमन क्यान्सर' जस्तै स्तन, पाठेघर, फोक्सो, ओभरी, पेट र आन्द्राका क्यान्सरको सटिक परीक्षण सम्भव भएको छ।

उहाँका अनुसार यो मेसिन क्यान्सरको प्रकार पत्ता लगाउन प्रयोग गरिन्छ। विशेषगरी टिस्यु (मासुको नमूना)मा कुन प्रोटिनहरू उपस्थित छन् भन्ने कुरा पत्ता लगाउन यसले सहयोग पुर्‍याउँछ र। यो मेसिनले टिस्यु स्लाइडहरूमा इम्युनोहिस्टोक्यामेस्ट्री (आइएचसी)) परीक्षण गर्छ, जसबाट ट्युमरमा कुन प्रोटिन अभिव्यक्त भएको हो भन्ने कुरा थाहा हुन्छ र यसले छिटो, सटिक र भरपर्दो नतिजा दिन्छ।

क्यान्सरको केवल पुष्टि भएरमात्र पुग्दैन, कस्तो क्यान्सर हो भनेर थाहा पाएपछि मात्र कुन थेरापी दिने भनेर निर्णय गर्न सकिन्छ जस्तैः केमोथेरापी दिने कि रेडिएसन, कुन औषधि प्रयोग गर्ने, रोगको आक्रमकता कति हो भनेर जानकारी हुन्छ। अस्पताल आफैँले मेसिन खरिद गरेर सञ्चालनमा ल्याएको डा पौडेलले जानकारी दिनुभयो।

अस्पतालका उपनिर्देशक डा उमेश नेपालले प्रविधिले बिरामीलाई छिटो उपचार सुरु गर्न सहयोग पुग्ने र बिरामी र आफन्तको मानसिक र आर्थिक बोझ पनि कम हुने बताउनुभयो। उहाँले भन्नुभयो, "यस किसिमको प्रविधिको थालनीले अस्पताललाई प्रविधिमैत्री राष्ट्रिय क्यान्सर उपचार केन्द्रका रूपमा सुदृढ बनाउनेछ।"

अस्पतालले आगामी दिनमा थप यस्ता आधुनिक प्रविधि थप्दै क्यान्सर उपचार तथा अनुसन्धान सेवा अझ प्रभावकारी बनाउने योजना अघि सारेको निर्देशक डा पौडेलले बताउनुभयो।

# क्यान्सरका बिरामीलाई औषधि निःशुल्क दिइने

काठमाडौँ, २९ असार (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले क्यान्सर रोगको उपचारमा प्रयोग हुने अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराइने बताउनुभएको छ।

नेपालमा औषधि उपलब्ध नभएकाले उपचारका लागि विदेश जानुपर्ने बाध्यता हटाउन अन्तरराष्ट्रिय च्यारिटी डाइरेक्ट रिलिफले ३७ प्रकारका औषधि सहयोग गर्ने प्रतिबद्धता जनाएअनुसार पहिलो चरणको औषधि नेपाल ल्याइएको उहाँको भनाइ छ। यसअघि मन्त्री पौडेलले त्यस्ता औषधि प्राप्त गरेर सरकारी अस्पतालमा निःशुल्क उपलब्ध गराउने निर्णय गर्नुभएको थियो।

डाइरेक्ट रिलिफले वन हर्ट वर्ल्डवाइड संस्थामार्फत नेपाल सरकारलाई पठाएको सहयोग हस्तान्तरणका लागि आयोजित कार्यक्रममा मन्त्री पौडेलले औषधि अभावमा बिदेश गएर महङ्गो खर्च गनुपर्ने बिरामीको बाध्यता हटाउन लामो मेहनतपछि सफलता प्राप्त भएको मन्त्री पौडेलको सचिवालयले जनाएको छ।

डाइरेक्ट रिलिफले स्तन, छाला तथा विभिन्न खालका क्यान्सर उपचारमा आवश्यक पर्ने दुर्लभ र महङ्गा औषधी नेपालको आवश्यकताअनुसार पाँच वर्षसम्म सहयोग स्वरुप उपलब्ध गराउने मन्त्री पौडेलले जानकारी दिनुभयो।

"क्यान्सरको औषधि महङ्गो हुँदा विपन्न नागरिकलाई समस्या छ", मन्त्री पौडेलले भन्नुभयो, "राज्यको लगानीबीना नै धेरै नागरिकलाई राहत दिने प्रयास गरेका हौं।" हाल ३७ प्रकारका औषधि क्रमैसँग आउने भए पनि अन्य आवश्यक औषधि समेत सहयोगमा प्राप्त गर्न प्रयास गरिने मन्त्री पौडेलको भनाइ छ।

मन्त्री पौडेलले सरकारी क्यान्सर अस्पतालमा तत्काल औषधी पठाउने व्यवस्था मिलाइएको समेत बताउनुभयो। मन्त्री पौडेलले सरकारले दिने स्वास्थ्य सुविधा तथा बीमाबारे पर्याप्त जानकारी प्राप्त नहुँदा नागरिकले सेवा लिन नसकिरहेको प्रसङ्ग निकाल्दै सञ्चारमाध्यमलाई यस्ता जानकारी प्राथमिकताका साथ प्रसार गरेर सहयोग गरिदिन आग्रह गनुभयो।

मन्त्रालयको समन्वय महाशाखा प्रमुख डा भीम सापकोटाले पाँच वर्षसम्म नेपालको आवश्यकताअनुसार औषधि प्राप्त गर्ने गरी समझदारी भएको जानकारी दिनुभयो। वन हर्ट वर्ल्डवाइडका नेपाल प्रतिनिधि सूर्य भट्टले मन्त्री पौडेलको विशेष पहलबाट मात्र औषधि प्राप्त भएको उल्लेख गर्दै नेपालका लागि ठूलो उपलब्धि भएको बताउनुभयो।

स्तन क्यान्सर, प्लाक सोरियासिस, अल्जाइमर आदि स्वास्थ्य समस्यामा प्रयोग हुने यी औषधि र स्वास्थ्य सामग्रीहरू भरतपुरस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भक्तपुरको भक्तपुर क्यान्सर अस्पताल, बाँकेस्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पताल र क॰ ाठमाडौँस्थित बीर अस्पताललाई हस्तान्तरण गरिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिनुभयो।

सुरक्षित घर निर्माण गरौं

घर निर्माण गर्दा-

- इञ्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं।
- गुणस्तरीय सामग्री प्रयोग गरौं।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं।
- नियमित मर्मतसम्भार गरौं।
- निर्माण अघि स्वीकृति लिऔं।

"बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## विश्व समाचार

### स्पेसएक्सले एक्सएआईमा दुई अर्ब अमेरिकी डलर लगानी गर्ने

न्यूयोर्क, २९ असार (रासस/एएफपी)।

एलन मस्कको स्पेसएक्सले आफ्नो आर्टिफिसियल इन्टेलिजेन्स कम्पनी एक्सएआईमा दुई अर्ब अमेरिकी डलर लगानी गर्न सहमत भएको कम्पनीनिकट लगानीकर्तालाई उद्धृत गर्दै वाल स्ट्रिट जर्नलले शनिबार जनाएको छ।

मोर्गन स्टेनलीले गत महिना घोषणा गरेको एक्सएआईको पाँच अर्ब डलरको 'इक्विटी फन्ड' जम्मा गर्ने एक हिस्साका रुपमा यो लगानी गरिएको रिपोर्टमा उल्लेख छ। यो स्पेसएक्सको एक्सएआईमा पहिलो ज्ञात लगानी हो र अर्को कम्पनीमा यसको सबैभन्दा ठूलो लगानी हो।

मस्कले एआई सञ्चालनलाई प्रोत्साहन गर्न आफ्नो व्यापार साम्राज्यलाई बारम्बार परिचालन गर्नुभएको छ। मस्को लगानीको एक्स एआई (एक अग्रणी एआई अनुसन्धान र परिनियोजन कम्पनी च्याटजीपीटी प्लेटफर्म सिर्जना गर्नका लागि प्रसिद्ध) ओपनएआईसँग प्रतिस्पर्धा गरिरहेको छ।

यस वर्षको सुरुमा उहाँले एआई अनुसन्धान प्रयोगशाला एक्सएआईलाई सामाजिक सञ्जाल प्लेटफर्म एक्समा एकीकृत गरी ग्रोकको पहुँच बढाउने प्रयासलाई अघि बढाउनुभएको थियो। यो सहकार्यले नयाँ कम्पनीको मूल्य ११३ अर्ब डलर पुगेको रिपोर्टमा उल्लेख छ।

मस्कले ग्रोकलाई 'विश्वको सबैभन्दा स्मार्ट एआई' को संज्ञा दिनुभएको छ। यसले स्पेसएक्सको उपग्रह इन्टरनेट सेवा, स्टारलिङ्कको लागि ग्राहक-समर्थन सुविधाहरूलाई सहयोग गर्छ। एआई च्याटबोट ग्रोक ४ को बुधबारको रिलीजको क्रममा, मस्कले टेस्लाको 'अप्टिमस फ्लीट' जस्तै 'ह्युमनोइड रोबोट'हरूमा 'ग्रोक एम्बेड' गर्ने आफ्नो सङ्केत प्रकट गर्नुभएको छ।

मस्कका प्रतिनिधिले भविष्यमा स्पेसएक्स र एक्सएआईबीच थप व्यावसायिक साझेदारी हुने बताउनुभएको छ।

### आप्रवासी बन्दी गृह निर्माणको तयारीमा अमेरिकी अधिकारी

न्यूयोर्क, २९ असार (रासस/एएफपी)।

अमेरिकी डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी (डीएचएस) मन्त्री क्रिस्टी नोएमले फ्लोरिडाको 'एलिगेटर अल्काट्राज'को नामबाट आप्रवासी हिरासत केन्द्र स्थापनाका लागि पाँच वटा राज्यसँग छलफल भइरहेको बताउनुभएको छ।

शनिबारको एक पत्रकार सम्मेलनमा नोएमले यी पाँच राज्यको नेतृत्व रिपब्लिकन गभर्नरले गरिरहेको बताउनुभयो तर उनीहरूको नाम भने खुलाउनुभएन।

उहाँले फ्लोरिडाका गभर्नर रोन डेसान्टिसले 'एलिगेटर अल्काट्राज' डिटेन्सन सेन्टरको सफलतापूर्वक उद्घाटन गर्न डीएचएससँगको सहकार्यको प्रशंसा गर्नुभयो।

फ्लोरिडा एभरग्लेड्स (घाँसे मैदान) मा अवस्थित केवल आठ दिनमा निर्माण गरिएका डेड-कोलियर ट्रेनिङ एन्ड ट्रान्जिसन एयरपोर्टमा ३९ वर्ग माइल (१०० वर्ग किलोमिटर) क्षेत्रमा बनेको संरचनामा बन्दीहरूको पहिलो समूहलाई जुलाईको सुरुमा त्यहाँ स्थानान्तरण गरिएको थियो।

यो केन्द्र हालको अमेरिकी प्रशासनको अवैध आप्रवासनविरुद्ध कडा कदम चाल्ने तीव्र प्रयासको एक हिस्सा हो। यसले राष्ट्रपति डोनाल्ड ट्रम्पका प्रशासन र समर्थकहरूबाट प्रशंसा प्राप्त गरेको छ, तर यसले मानव अधिकारका पक्षधरबीच स्थितिको बारेमा चिन्ताजनक रिपोर्टहरू आएको भन्दै चिन्ता व्यक्त गरेको छ।

### श्रीलङ्कामा जुनमा ६३ करोड ५० लाख डलर रेमिट्यान्स प्राप्त

कोलम्बो, २९ असार (रासस/एएफपी)।

श्रीलङ्काको केन्द्रीय बैङ्क (सीबीएसएल) को पछिल्लो तथ्याङ्कअनुसार विदेशमा रहेका श्रीलङ्काका नागरिकले जुन महिनामा ६३ करोड ५७ लाख अमेरिकी डलर विप्रेषण पठाएका छन्। यो सन् २०२४ को जुनको तुलनामा २२ प्रतिशतले बढी हो। सन् २०२४ मा कुल विप्रेषण छ अर्ब ५७ करोड डलर प्राप्त भएको थियो। सन् २०२५ को जनवरीदेखि जुनसम्मको अवधिमा विप्रेषण तीन अर्ब ७० करोड डलरभन्दा बढी रहेको छ। यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा १८.९ प्रतिशतले बढी हो। श्रीलङ्काका लागि विप्रेषण नै वैदेशिक आयको प्रमुख स्रोत हो। श्रीलङ्काबाट सन् २०१९ मा तीन लाख १२ हजार ८३६ जनाले वैदेशिक रोजगारीका लागि विदेशिएका थिए।

### फ्लोरिडाबाट इजरायली सञ्चार उपग्रह प्रक्षेपण

जेरुसेलम, २९ असार (रासस/एएफपी)।

इजरायलले आइतबार अमेरिकाबाट स्पेसएक्स रकेटमार्फत नयाँ राष्ट्रिय सञ्चार उपग्रह प्रक्षेपण गरेको जनाएको छ। फ्लोरिडाको केप क्यानाभेरलबाट फाल्कन ९ को कक्षमा ड्रोन १ उपग्रह प्रक्षेपण गरिएको इजरायल एयरोस्पेस इन्डस्ट्रिज (आइएआई) र विदेश मन्त्रालयले जनाएका छन्। "अन्तरिक्षमा रहने २० करोड डलरको यो स्मार्टफोनले इजरायलको रणनीतिक र नागरिक सञ्चारलाई १५ वर्षसम्म सशक्त बनाउनेछ," मन्त्रालयले एक्समा लेखेको छ।

भिडियो फुटेजमा पुनः प्रयोग गर्न सकिने रकेट रातको आकाशमा दुई चरण उडेको देखाइएको छ। स्पेसएक्सका अनुसार प्रक्षेपण फ्लोरिडामा आइतबार बिहान १:०४ बजे भएको थियो।

आइएआईले प्रक्षेपणलाई 'इजरायली अन्तरिक्ष प्रविधिको लागि एक ऐतिहासिक फड्को' भनेको छ। इजरायलले ड्रोर १ को विकास र निर्माण गर्ने परियोजनाको घोषणा यसअघि नै गरिसकेको थियो यो 'इजरायलमा निर्मित सबैभन्दा उन्नत सञ्चार उपग्रह' हो। सेप्टेम्बर २०१६ मा फ्लोरिडामा एक परीक्षणको क्रममा मानवरहित फाल्कन ९ रकेट विस्फोट हुँदा दुई देखि तीन करोड अमेरिकी डलरको बीच अनुमान गरिएको इजरायलको अमोस-६ सञ्चार उपग्रह नष्ट भएको थियो।

# क्षयरोग नियन्त्रणका लागी विभिन्न प्रयास गरिदै




**दैनिक समाचारदाता**
**राजविराज, २९ असार ।**

क्षयरोग नियन्त्रण तथा क्षयरोगका विरामीको सहज जीवनयापनका लागी सप्तरीमा विभिन्न गतिविधि गरिदै गएको तथ्याङ्क सार्वजनिक गरिएको छ ।

शनिवार नेपाल क्षयरोग निवारण संस्था सप्तरी शाखाद्वारा आयोजित ४३ औं जिल्लासभामा यस्तो तथ्याङ्क सार्वजनिक गरिएको हो ।

आयोजित जिल्ला सभामा संस्थाका सचिव विश्वनाथ भदेश्वार यादवद्वारा प्रस्तुत आ.ब.२०८१/०८२ को वार्षिक प्रतिवेदन अनुसार सो अवधीमा शाखाले क्षयरोग नियन्त्रण तथा क्षयरोगीका विरामीलाइ लक्षित गरी जिल्लाका ३ वटा माध्यमिक विद्यालयमा विद्यार्थी र अभिभावकको व्यापक सहभागितामा सचेतना कक्षा संचालन तथा महादेवा गाउँपालिकाको पकरीमा अभिभावक, शिक्षक, राजनीतिकर्मी, विद्यार्थी तथा समाजका अगुवाहरुको गोष्ठी कार्यक्रम सम्पन्न गरिएको छ ।

यस्तै क्षयरोग विरुद्ध सचेतना फैलाउने क्रममा विभिन्न पालिकामा अन्तर विद्यालय निबन्ध, हाजिरी जवाफ, बक्तृत्वकला लगायतका प्रतियोगिता तथा विभिन्न संचारमाध्यम मार्फत क्षयरोग नियन्त्रणका लागी प्रचारात्मक अभियान समेत चलाइएको संस्थाका अध्यक्ष बैद्यनाथ झाले जानकारी दिए ।

कार्यक्रममा वडाअध्यक्ष अनिल कुमार दास, नेपाल क्षयरोग निवारण संस्थाका केन्द्रीय सल्लाहकार सदस्य विजयानन्द झा, निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियन सप्तरीका अध्यक्ष अजय कुमार झा, नेपाल पत्रकार महासंघका राष्ट्रिय परिषद मनोज कुमार माझी, आयोजक समितीका उपसभापती राधेश्याम रमण लगायतले बोल्दै क्षयरोग विरुद्ध जागरुक बनाउन संस्थाले खेलेको भुमिका प्रंशसनीय रहेको बताए ।

संस्थाले क्षयरोग नियन्त्रणका क्रममा आगामी आ.ब.२०८२/०८३ मा गर्ने कार्यक्रमहरु समेत सार्वजनिक गरेको छ । जस अर्न्तगत पुराना कार्यक्रमलाई निरन्तरता दिनुका साथै सचेतना र्‍याली, सडक नाटक, भिडिओ समाग्री तयार र प्रसारण, जनप्रतिनीधी संग अन्तरक्रिया तथा शाखाको स्थायी आयश्रोत बृद्धि लगायतका थप कार्यक्रम समेटिएको छ ।

सभामा वार्षिक प्रतिवेदन संस्थाका सचिव विश्वनाथ भदेश्वार यादव तथा कोषाध्यक्षीय प्रतिवेदन कोषाध्यक्ष गुन्जेश्वर प्रसाद यादवले प्रस्तुत गरेका थिए ।

# औधोगिक क्षेत्रमा बृक्षारोपण र सरसफाई अभियान



**दैनिक समाचारदाता**
**राजविराज, २९ असार ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह औधोगिक क्षेत्र भित्र बृक्षारोपण तथा सरसफाई अभियान शुरु गरिएको छ ।

उक्त औधोगिक क्षेत्रलाई अझ स्वच्छ, सुन्दर, सुरक्षित र व्यवस्थित बनाउन उक्त अभियान सुरु गरिएको कार्यालय प्रमुख मनिष मिश्रले जानकारी दिएका छन ।

शनिवारदेखी सुरु भएको सरसफाई तथा बृक्षारोपण अभियानको रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले सरसफाइ तथा बृक्षारोपण गर्दै शुभारम्भ गरेका हुन ।

अभियान अर्न्तगत पहिलो दिन २२ विगहा क्षेत्रफलमा फैलिएको औधोगिक क्षेत्र परिसरमा सरसफाईका साथै तेजपात, पपिता, अमला, सिसो, अम्बा, जरकण्डा, गुलमोहर, बेल, टिक, कपुर लगायत विभिन्न प्रजातिका १ सय १० वटा बिरुवा रोपिएको छ ।

उक्त कार्यक्रममा उधोगी एवं समाजसेवी बिसान्त जैन, मनिष महासेठ, औधोगिक क्षेत्रका प्रमुख मनिष मिश्र, कर्मचारी तथा सञ्चारकर्मी समेतको सहभागिता रहेको थियो । सो अवसरमा कार्यालय प्रमुख मिश्रले औधोगिक क्षेत्रलाई स्वच्छ, सुन्दर, सुरक्षित र व्यवस्थित बनाउनुका साथै पर्यावरण जोगाउन पनि यस्तो कार्यक्रम थालिएको बताए ।

उनले सप्तरीको विकास तथा रोजगारी संग जोडिएको यस औधोगिक क्षेत्रमा सुरक्षाको सुविधा नहुदा उधोगी व्यवसायीलाई आकर्षण गर्न समस्या भइरहेको समेत बताए ।

"एउटा प्रहरी विट राख्नु पर्ने आवश्यक्ता छ, उनले भने-यसका लागी पटक/पटक प्रयास गरेपनि सफलता मिल्न सकेको छैन ।" आवश्यक सुविधा नहुदा हाल औधोगिक क्षेत्रमा ६ वटा मझौला उद्योग मात्र संचालन छन । संचालनमा रहेका उधोगहरुमा पानी, प्लाष्टिक र डेरीका रहेका छन ।

# मधेश प्रदेश सरकारद्वारा चालु आवमा ७१ प्रतिशतभन्दा बढी रकम खर्च

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २९ असार ।**

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षमा कुल बजेटको ७१ दशमलव ४८ प्रतिशत खर्च गरेको छ ।

चालु आवका लागि रु ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार विनियोजन गरेकामा रु ३१ अर्ब ३७ करोड ५२ लाख ४३ हजार खर्च भएको मधेश प्रदेश लेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।

उक्त खर्चमध्ये पुँजीगततर्फ रु २१ अर्ब २९ करोड ७९ लाख ३१ हजार र चालुतर्फ रु नौ अर्ब ८७ करोड ७३ लाख १२ हजार खर्च भएको कार्यालयले जनाएको छ ।

प्राप्त विवरणअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयतर्फ ३४ दशमलव ०६, श्रम तथा यातायात मन्त्रालयतर्फ ३८ दशमलव १९, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयतर्फ ४३ दशमलव ५५ प्रतिशत र अर्थ मन्त्रालयतर्फ ८३ दशमलव ३६ प्रतिशत बजेट खर्च भएको छ ।

यसैगरी, भौतिक पूर्वाधार विकास मन्त्रालयतर्फ ७८ दशमलव दुई प्रतिशत, वन तथा वातावरणतर्फ ७७ दशमलव ४५, शिक्षा तथा संस्कृतितर्फ ७७ दशमलव ३१, उद्योग, वाणिज्य तथा पर्यटनतर्फ ७३ दशमलव ६५, ऊर्जा सिँचाइ तथा खानेपानीतर्फ ७५, गृह, सञ्चार तथा कानुनतर्फ ७२ दशमलव नौ, खेलकुद तथा समाज कल्याणतर्फ ६९ दशमलव ३१ र स्वास्थ्य तथा जनसङ्ख्यातर्फ ६५ दशमलव ५३ प्रतिशत बजेट खर्च भएको छ ।

यसअघि, मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा ५१ दशमलव ७५ प्रतिशत, आव २०७६/७७ मा ४० दशमलव ४६, आव २०७७/७८ मा ६५ दशमलव ४६, आव २०७८/७९ मा ५७ दशमलव ३२, आव २०७९/८० मा ५५ दशमलव ६४ र २०८०/८१ मा ५५ दशमलव ६४ प्रतिशत मात्र बजेट खर्चभएको थियो । चालु आवमा सात वर्षको तुलनामा सबैभन्दा बढी खर्च भएको हो ।

# दुई क्विन्टलभन्दा बढी गाँजासहित युवक पक्राउ

सिरहा, २९ असार (रासस) ।

सिरहाको औरही गाउँपालिका-५ स्थित मलाह टोलबाट दुई क्विन्टलभन्दा बढी अवैध लागुऔषध गाँजासहित एक युवकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी वीरेन्द्रकुमार पासवानका अनुसार पक्राउ परेका व्यक्ति स्थानीय २३ वर्षीय राम उदगार मलाह हुन् । उनलाई शुक्रबार राति विशेष सूचनाका आधारमा लागुऔषध गाँजा बोक्दै गरेको अवस्थामा नियन्त्रणमा लिइएको हो ।

सूचना अधिकारी पासवानका अनुसार मलाहलाई प्र२-०१-००३ प २१५४ नम्बरको मोटरसाइकलसहित नियन्त्रणमा लिइएको हो । उनलाई पक्राउ गर्ने क्रममा प्रहरीले सातवटा पोकामा राखिएको जम्मा दुई सय १२ किलो ९२५ ग्राम गाँजा फेला पारेको हो ।

गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहा र प्रहरी चौकी औरहीबाट खटिएको संयुक्त टोलीले उक्त गाँजा फेला पारेको हो । प्रहरीलाई देख्नासाथ घटनास्थलबाट गाडीसहित अन्य केही व्यक्ति भने फरार भएका थिए । फरार रहेका व्यक्तिहरूको खोजी तीव्र पारिएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# सप्तरी प्राइड लिग : राईनोज र रोयल च्यालेन्जर विजयी

**दैनिक समाचारदाता**
**राजविराज, २९ असार ।**

राजविराजमा जारी सप्तरी प्राइड लिग अन्तर्गत चौथो दिन सम्पन्न दुईवटा खेलमा कञ्चनरूप राइनोज र रोयल च्यालेन्जर्स बारही बीरपुर विजयी भएका छन् ।

आइतबार सम्पन्न पहिलो खेलमा राजगढ वारियरले दिएको १ सय २५ रनको लक्ष्य कञ्चनरूप राइनोजले १६ ओभरमा पाँच विकेट गुमाएर भेटायो ।

राइनोजको ब्याटिङमा ओपनर राकेश कामतले अर्धशतक बनाउने क्रममा २५ बलमा ८ चौका र तीन छक्का मद्दतले ५४ रन प्रहार गरे । यस्तै रासिद खानले ३० बलमा ३१ रन तथा रोनक सिंहले २४ बलमा अभिजित रहँदै १७ रन बनाए ।

राजगढ वारियरका बलर बिक्की पासवान र रोशन यादवले समान दुई विकेट लिए । यस अघि टस जितेर ब्याटिङ गरेको राजगढ वारियर्सले २० ओभरमा ९ विकेट गुमाएर १२४ रन बनाएको थियो ।

वारियर्सको लागि नयन यादवले सर्वाधिक ३३ रन तथा रोशन यादवले ३२ रन बनाए । अजित यादवले १५ तथा मनिष यादवले अविजित १४ रन बनाए । कञ्चनरूप राइनोजको बलिङतर्फ राशिद खान, उमेश चौधरी र अभिमन्यु सरदारले समान २ विकेट लिए । मुकेश सिंहको नाममा १ विकेट रह्यो । खेलको प्लेयर अफ द म्याच राकेश कामत भए ।

यस्तै दोश्रो खेलमा रोयल च्यालेन्जर्स बरही बीरपुरले रुपनि राइडर्सलाई २८ रनले पराजित गर्‍यो । १ सय ३४ रनको लक्ष्य पछ्याउने क्रममा राइडर्सले १८.१ ओभरमा १०५ रनमा सबै विकेट गुमाउन पुग्यो ।

राइडर्सको ब्याटिङमा गौरभ शाहले सर्वाधिक ३२ रन योगदान दिए । सुमन चौधरीले १७ तथा विशाल पटेलले १३ रन बनाए ।

वीरपुरको बलिङमा तृत राज दास, सुमित श्रेष्ठ र राहुल विकले समान ३ विकेट लिए । तृतले ३.१ ओभरमा १९ रन खर्चे भने सुमीतले ४ ओभरमा २६ रन तथा राहुलले ४ ओभरमा १६ रन मात्र खर्चिए ।

यस अघि टस जितेर ब्याटिङ गरेको रोयल च्यालेन्जर्स बाही वीरपुरले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १३३ रन बनाएको थियो ।

वीरपुरको लागि ओपनर अमित यादवले सर्वाधिक ३३ रन योगदान दिए । जुन क्रममा उनले २५ बलमा तीन चौका र दुई छक्का प्रहार गरे । यस्तै अमित मण्डलले १३, विकास दासले १२, भीम यादवले ११ तथा सुमित श्रेष्ठले १० रन योगदान दिए ।

रुपनी राइडर्सको बलिङमा अशोक मेहताले सर्वाधिक ३ विकेट लिए। जुन क्रममा उनले ४ ओभरमा २५ रन खर्चे। यस्तै इम्रान शेख र रबिन मण्डलले समान दुई विकेट लिए । खेलको प्लेयर अफ द म्याच सुमित श्रेष्ठ घोषित भए ।

आठ दिनसम्म संचालन हुने प्रतियोगितामा ८ टिमको सहभागिता रहेको छ । समुह 'ए' मा हनुमाननगर हिरोज, कन्चनरुप राइनोज, राजगढ वारियर्स, राजविराज राजदेवी रोयल छन् भने समुह 'बि' मा तिराहुट टाइगर्स, रोयल च्यालेन्जर बाराही विरपुर, रुपनी राइडर्स तथा खडक वारियर्स रहेका छन् । यस्तै समुह चरणमा सबै टिमले एकअर्का संग खेलेपछि दुवै समुहबाट उत्कृष्ट दुई टिम सेमीफाइनल प्रवेश गर्नेछन् । फाइनल खेल साउन १ गते हुनेछ । प्रतियोगिताको विजेता टिमले २ लाख तथा उपविजेताले १ लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*